# *ध्रुव* नाटकमा त्यागसम्बन्धी दर्शन

राधिका गुरागाईं*

**लेखसार**

*प्रस्तुत अध्ययनमा वैदिक दर्शनका त्यागसम्बन्धी मान्यताका आधारमा 'ध्रुव' नाटकको विवेचना गरिएको छ । बालकृष्ण समको 'ध्रुव' पारिवारिक, सामाजिक एवं राजनीतिक विषयवस्तुलाई दार्शनिक ढङ्गले चित्रण गरिएको पौराणिक कथामा आधारित नाटक हो । वैदिक दर्शनका अनुसार मनुष्यले आफूलाई मूलतः भौतिक सुख, इन्द्रिय वासना र अङ्कारबाट मुक्त राख्नु त्याग हो । 'ध्रुव' नाटकको सारवस्तु, पात्र र संवादमा भोग एवं त्याग वृत्तिको प्रस्तुति छ । भौतिक वस्तु, इन्द्रिय वासना, दैहिक अहङ्कारले मनुष्यलाई पतनतिर लैजान्छ भने यसको त्यागले सुख, शान्ति र परम आनन्द प्राप्त हुन्छ, मानवताको कल्याण हुन्छ र जीवन धन्य बन्छ भन्ने दार्शनिक मान्यताका आधारमा नाटकमा प्रयुक्त पात्रका क्रियाकलाप र संवादको विश्लेषण गरिएको छ । उपनिषद्, गीता र वेदान्त दर्शनका त्यागसम्बन्धी मान्यतालाई यस अध्ययनको सैद्धान्तिक आधार बनाइएको छ । यसमा सामग्रीको व्याख्या विश्लेषणका निम्ति निगमनात्मक विधिको उपयोग गरिएको छ । नाटकका मुख्य पात्रहरूका राग, द्वेष, अहङ्कार, मुमुक्षा, तपस्या जस्ता भोग र त्यागवृत्तिको अध्ययन गरी ज्ञान, प्रेम र सेवाभावले प्रेरित भएर त्यागपूर्वक गरिएको भोगले मात्र वास्तविक सुख, शान्ति र आनन्द प्राप्त हुन्छ भन्ने दार्शनिक चिन्तन यस नाटकमा प्रस्तुत भएको छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी**

अहङ्कार, आसक्ति, भोग, भौतिक सुख, वासना,

## विषयपरिचय

बालकृष्ण सम (१९५८-२०३८) द्वारा नाट्ययात्राको प्रथम चरणमै लेखिएको *ध्रुव* (१९८६) नाटकमा पौराणिक विषयवस्तुका माध्यमबाट अध्यात्मवादी जीवनदर्शन प्रस्तुत गरिएको छ । तीन अङ्क र नौ दृश्यमा विभाजित यस नाटकको विषयवस्तु *श्रीमद्भागवत्* महापुराणमा उल्लिखित ध्रुवको कथामा आधारित छ । 'ध्रुव' शब्दको अर्थ नित्य, सत्य, निश्चय, पूर्ण, दृढ वा स्थिर भन्ने हो र समले बालक ध्रुवको नायकीय चरित्रमा यिनै गुणहरू आरोपित गरेका छन् । त्यसैले ध्रुवको चरित्रमा ध्रुवको अर्थ सार्थक भएको भेटिन्छ । पूर्वीय नाट्यमान्यताअनुसार प्रसिद्ध कथावस्तु र धीरोदात्त नायकको प्रयोग गरिएको यस नाटकमा त्यागद्वारा सांसारिक जीवनमा देखिएका समस्याको समाधान

* उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

हुन सक्छ भन्ने व्यावहारिक ज्ञान ध्रुवमार्फत् अभिव्यञ्जित भएको पाइन्छ । यसमा राग र विरागबिच द्वन्द्व देखाएर रागले वैमनष्य बढाउँछ र यसले दुःख, पीडा, चिन्ता, अशान्ति आदिलाई निम्त्याउँछ भने विरागबाट प्रेम, विजय, मोक्ष वा आनन्द प्राप्त हुन्छ भन्ने वैदिक चिन्तनका आदर्शलाई उत्तानपाद र सुरुचिको राग एवं ध्रुव र सुनीतिका विरागभावयुक्त चरित्रका माध्यमबाट अभिव्यक्त गरिएको छ । राजा उत्तानपादका काम, लोभ, मोहजस्ता वृत्तिका कारण राज्यमा मौलाउन खोजेको बेथिति, अन्याय एवं राजाका अनैतिकताले जनताका मनोभावनामा पुऱ्याएको आघातलाई यस नाटकमा देखाइएको छ । यी सबैको कारण अज्ञान वा अविद्या हो, ज्ञानद्वारा अविद्यालाई हटाउन सकिन्छ त्यसका निम्ति व्यक्तिगत स्वार्थलाई त्यागेर आसक्तिरहित भई कर्तव्यको पालना गर्नुपर्दछ भन्ने ज्ञान वा सत्यको मार्गलाई यस नाटकमा प्रश्रय दिइएको छ। सत्सङ्कल्प र सत्कर्मबाट परमशक्ति प्राप्त हुन्छ; परमशक्ति प्राप्त मानिस त्यागी हुन्छ; त्यागपूर्वक गरिएको भोगद्वारा नै सुख, शान्ति र आनन्द प्राप्त हुन्छ भन्ने वैदिक चिन्तन यस नाटकमा अभिव्यञ्जित भएको छ ।

वेद, उपनिषद् तथा *श्रीमद्भगवद्गीता*मा त्यागसम्बन्धी चिन्तन प्रस्तुत गरिएको छ। उपनिषद्ले भौतिक वस्तुबाट प्राप्त सुख-दुःखसम्बन्धी विचार, सांसारिक विषयवस्तुप्रतिको आसक्ति छोड्नुलाई त्याग भनेको छ । सांसारिक वस्तुहरूको भोग त्यागपूर्वक गर्नुपर्दछ, त्यागपूर्वक गरिएको भोगबाट नै जीवन स्वतन्त्र, सफल र आदर्शमय बन्दछ भन्ने व्यवहारिक ज्ञान उपनिषद्ले प्रदान गरेको छ । *गीता*मा बताइएको निष्काम कर्मको अर्थ पनि त्याग हो । यसमा त्यागबाट परम शान्ति र आनन्द प्राप्त हुने कुरा बताइएको छ। वेदान्त दर्शनमा भोगबाट विरक्त भई चित्त वासनारहित भएको स्थितिलाई त्याग भनिएको छ। अतः प्रस्थानत्रयीमा सांसारिक विषयवासना, भोगेच्छा, अहङ्कार र विचारबाट विमुख हुनुलाई त्याग मानिन्छ ।

*ध्रुव* नाटकबारे हृदयचन्द्रसिंह प्रधानले *केही नेपाली नाटक* (२००२) पुस्तकमा लेखेको समीक्षादेखि हालसम्म ताना शर्मा, केशवप्रसाद उपाध्याय, देवीप्रसाद सुवेदीलगायत विभिन्न विद्वान्हरूले समालोचना लेखेका छन् । तीमध्ये वेदराज कोइरालाले *समका पौराणिक नाटकमा मोक्षचिन्तन* (२०७६) शीर्षकको एम.फिल.तहको शोधकार्यमा वेदान्त दर्शनका जगत्, आत्मा र मोक्ष चिन्तनसम्बन्धी सैद्धान्तिक आधारमा *ध्रुव* नाटकको विश्लेषण गरेका छन् । प्रस्तुत अध्ययनमा उपनिषद्, गीता र वेदान्त दर्शनका त्यागसम्बन्धी मान्यतालाई सैद्धान्तिक आधार बनाइएको छ । त्यसैले पूर्वाध्ययनहरूभन्दा यो नितान्त भिन्न र मौलिक छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययन बालकृष्ण समको *ध्रुव* नाटकको विश्लेषणमा केन्द्रित छ । यसमा समको *ध्रुव* नाटक प्राथमिक सामग्री र उक्त नाटकबारे गरिएका पूर्वअध्ययनहरू द्वितीयक सामग्रीका रूपमा उपयोग भएका छन् । विश्लेषणको सैद्धान्तिक आधार निर्माण गर्न उपयोग गरिएका उपनिषद्, *श्रीमद्भगवद्गीता* र वेदान्त दर्शनबारे लेखिएका पुस्तकहरू द्वितीयक स्रोत सामग्रीअन्तर्गत पर्दछन् । यी दुवै प्रकारका सामग्रीहरू पुस्तकालय कार्यबाट सङ्कलन गरिएका हुन् । पूर्वस्थापित मान्यताहरूलाई आधार बनाएर सामग्रीको व्याख्या र विश्लेषण गरिएकाले यो अध्ययन निगमनात्मक पद्धतिमा आधारित छ । सामग्री विश्लेषणका निम्ति वर्णनात्मक र व्याख्यात्मक शैलीको प्रयोग गरिएको छ । यसमा वैदिक चिन्तनअन्तर्गत उपनिषद, *गीता* तथा *ब्रह्मसूत्र*मा बताइएका त्यागसम्बन्धी मान्यतालाई विश्लेषणको मुख्य सैद्धान्तिक आधार बनाइएको छ । प्रस्तुत अध्ययनमा सांसारिक सुखको त्याग, वासनाको त्याग र अहङ्कारको त्याग उपशीर्षकअन्तर्गत *ध्रुव* नाटकको विश्लेषण गरी उक्त नाटकमा अभिव्यक्त त्यागसम्बन्धी समको दृष्टिकोणबारे निष्कर्ष निकालिएको छ ।

**त्यागसम्बन्धी दार्शनिक मान्यता**

त्यागको सामान्य अर्थ छोड्नु भन्ने हुन्छ । यसको अर्थ आफ्नो स्वामित्वमा रहेका वस्तु वा पदार्थबाट भिन्न हुनु भन्ने बुझिन्छ । दर्शनशास्त्रअनुसार निष्काम कर्म गर्नु वा कर्मको वासनालाई छोड्नु त्याग हो । जीवनको अस्तित्वका निम्ति भोग आवश्यक छ तर त्यस्तो भोग त्यागपूर्वक गर्नुपर्दछ भन्ने वैदिक दर्शनको मान्यता रहेको छ । वैदिक दर्शनअन्तर्गत उपनिषद्, *श्रीमद्भगवद्गीता* तथा वेदान्त दर्शनमा पाइने त्यागसम्बन्धी मान्यतालाई यस अध्ययनको सैद्धान्तिक आधारका रूपमा सङ्क्षिप्तमा प्रस्तुत गरिएको छ ।

निःस्वार्थ कर्मद्वारा परार्थको कल्याण गर्नु त्याग हो भन्ने विद्वान्हरूको मत पाइन्छ । मानव समाज र सभ्यताको सफलता त्यागमा निर्भर गर्दछ । मानव जीवन भोगद्वारा नभई त्यागद्वारा नै सफल हुनसक्छ । त्याग र तपस्या हिन्दू संस्कृतिका मूल मर्म हुन् । यस संस्कृतिले आफ्नो स्वार्थलाई परार्थको कल्याणका निम्ति त्याग गर्नुपर्दछ भन्ने सिकाउँछ (उपाध्याय, २०००, पृ. ४०२) । त्याग नै सफलताको महामन्त्र हो । त्यागको अभावमा युद्ध, अशान्ति, गरिबीजस्ता समस्याहरू उत्पन्न हुन्छन् । त्यसैले हाम्रा ऋषिमुनिहरूले निस्वार्थ कर्मको विधानका बारेमा शास्त्रीय ग्रन्थहरूमा चर्चा गरेका छन् ।

उपनिषद्हरूमा मनुष्यका भोग एवं त्याग वृत्तिका विषयमा बताइएको छ । *बृहदारण्यकोपनिषद्* (४/३/८) मा मृत अवस्थामा आत्माले देह इन्द्रियादि पापरूपलाई त्याग गर्दछ भनिएको छ । *ईशावास्य* उपनिषद्को पहिलो श्लोकमा परमात्मा प्राप्ति (आनन्दमय जीवन) का निम्ति त्याग अवश्यम्भावी छ भनी बताइएको छ । यो सम्पूर्ण स्थावर-जङ्गम संसार ईश्वरको सृष्टि भएकाले यसमा उनैको स्वामित्व रहन्छ । त्यसैले अर्काको स्वामित्वको वस्तु (धन) प्रति आसक्ति (वासना) हुनु हुँदैन, त्याग भावले भोग गर्नु पर्दछ (*इशादि नौ उपनिषद्*, २०७४, पृ. २५-२६) भन्ने उक्त श्लोकको आशय देखिन्छ । *ईशावास्योपनिषद्*का अनुसार सम्पूर्ण जगत्मा ईश्वर व्याप्त छ, मनुष्यले त्यही ईश्वरको साथमा अनासक्तिपूर्वक एवं निष्कामपूर्वक (त्याग भावले) भोग्य पदार्थको भोग गर्नुपर्दछ, जगत्लाई ईश्वरको विवर्तरूप मान्दै आत्मसाक्षात्कार गर्नुपर्दछ । जगत्को सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता परब्रह्म परमात्मा हो त्यसैले यसको भोक्ता पनि उही हो भन्ने जानेर अर्काको (परमात्माको) धन (जगत्) प्रति आसक्तिरहित हुनुपर्दछ, त्यही नै त्याग हो (रिसाल, २०७०, पृ. ५) । *छान्दोग्योपनिषद्*को प्रारम्भमा शङ्कराचार्यले म ब्रह्मको निराकरण (त्याग) नगरूँ र ब्रह्मले मेरो निराकरण नगरोस्, ब्रह्म र मेरा बिचमा अनिराकरण (निरन्तर मिलन) रहोस् (*छान्दोग्योपनिषद्*, २०७४, पृ. १७) भन्ने शान्तिपाठ गरी उपनिषद्को भाष्य प्रारम्भ गरेका छन् । शङ्कराचार्यको उक्त अभिव्यक्तिमा जीवात्मा सधैँ ब्रह्म चिन्तनमा लागिरहनुपर्दछ, ब्रह्म चिन्तनलाई त्याग गर्दा मोक्ष प्राप्ति हुँदैन भन्ने भाव अभिव्यञ्जित भएको छ ।

*श्रीमद्भगवद्गीता*मा मनुष्यले गर्नुपर्ने त्यागका विषयमा चर्चा गरिएको छ । *गीता*को प्रतिपाद्य विषय निष्काम कर्मयोग हो र निष्काम कर्म भन्नु नै कर्मफलको त्याग हो, कर्तापनको त्याग हो, अहङ्कारको त्याग हो भनी विद्वान्हरूले व्याख्या गरेका छन् । भारतीय दार्शनिक राधाकृष्णन्ले गीताको कर्मयोगबारे चर्चा गर्दै पुरस्कारको आशा नराखी गरिने कर्म नै सच्चा त्याग हो भनेका छन् (राधाकृष्णन्, सन् २०२१, पृ. ४६५) । *गीता* (२/४७) मा कर्म गर्नु मात्रै मानिसको अधिकार हो, फलप्राप्तिको भावनालाई त्याग गरेर कर्म गर्नु मनुष्यको कर्तव्य हो, फलप्राप्तिमा उसको अधिकार छैन त्यसैले फलप्रतिको वासनालाई त्यागेर कर्म गर्नुपर्दछ भनी बताइएको छ (शर्मा, सन् २०१९, पृ. १८) । *गीता*मा कर्मफलको त्यागलाई सन्न्यास पनि भनिएको छ । स्वधर्म पालना गरी अहङ्कार त्याग गर्नाले सुख, शान्ति र आनन्द प्राप्त हुन्छ भन्ने *गीता*को मान्यता रहेको छ ।

वेदान्त दर्शनमा पाइने सुख-दुःखको त्यागसम्बन्धी चिन्तनबारे शङ्कराचार्यले विवेचना गरेका छन् । उनका अनुसार मानिस सुख पाउनका लागि दुःख छोड्न चाहन्छ तर दुःख भनेकै संसार हो, संसारलाई त्याग्नसक्ने मात्रै सुखी हुन सक्छ । सुख चाहे लौकिक होस् वा पारलौकिक त्यसमा अतिशयता र सादृश्यता हुने भएकाले बुद्धिमान मनुष्यले कहिल्यै सुखको कामना गर्दैन, बरु निरतिशय र निरूपम आनन्दको कामना गर्दछ जसबाट कहिल्यै दुःख हुँदैन भन्ने शङ्कराचार्यको मत छ (माधवाचार्य, सन् २०१९, पृ. ६५०-६५१) । शङ्कराचार्यका अनुसार सुखको कामना नै दुःखको कारण हो त्यसैले परमानन्द चाहने मनुष्यले सबै प्रकारको सुखको वासनालाई त्याग्नुपर्दछ ।

अतः प्रस्थानत्रयीमा मोक्ष चाहने साधकले अनात्म वस्तु, विचार र भावलाई मन, वचन र क्रियाद्वारा नै त्याग गर्नुपर्दछ; म र मेरो भन्ने अहङ्कार त्याग्नु पर्दछ; जुन कर्म गर्नाले आफ्नो र अरूको अनिष्ट हुन्छ त्यस्ता कर्म त्याग्नुपर्दछ साथै विषयका वासनालाई आत्यान्तिक त्याग गर्नुपर्दछ भन्ने त्यागसम्बन्धी मान्यता रहेको छ । वैदिक दर्शनले संसारिक विषयवासनालाई त्यागी ब्रह्म चिन्तनमा लाग्नुलाई सच्चा त्याग भनेको छ ।

## *ध्रुव* नाटकमा त्यागको स्वरूप

मनुष्यको परम लक्ष्य सुख, शान्ति र आनन्द प्राप्ति हो । सांसारिक मनुष्य भोगबाट उक्त लक्ष्य प्राप्त गर्ने अथक प्रयत्न गरिरहन्छ तर उसले भोगबाट होइन त्यागबाट मात्र आफ्नो लक्ष्य प्राप्त गर्न सक्दछ भन्ने वैदिक दर्शनको मान्यता रहेको छ । *ध्रुव* नाटकमा राजा उत्तानपाद र युवराज ध्रुवका भोग एवं त्यागपूर्ण जीवनको चित्र प्रस्तुत गरी अन्ततः त्यागद्वारा नै मनुष्यले आत्मिक सुख वा आनन्द प्राप्त गर्दछ भन्ने शाश्वत सत्यको उद्घाटन गरिएको छ । नाटकमा राजा उत्तानपादकी कान्छी रानी सुरुचिको भोगवृत्तिका कारण परिवार विखण्डित भएको र जेठी रानी सुनीतिको त्यागवृत्तिले अन्ततः पारिवारिक मिलन भएको स्थितिलाई चित्रण गरिएको छ । सौतेनी आमाले गरेको तिरस्कारको प्रतिशोध लिन चाहने ध्रुव आफ्नी आमा सुनीतिले दिएको त्यागको मार्गलाई समाती महात्यागी बनेको स्थितिलाई देखाउनु यस नाटकको मूल उद्देश्य रहेको देखिन्छ । स्त्रीमोहका कारण राज्यको नीति एवं आफ्नो कर्तव्यलाई भुलेका राजा उत्तानपादले मन्त्री दमनको असन्तुष्टि एवं ऋषि नारदका उपदेशबाट ज्ञान प्राप्त गरी कर्तव्यबोध गरेका छन् । त्यसैगरी पुत्रमोहका कारण राजा एवं राज्यको शक्तिलाई आफ्नो वशमा पारिरहन चाहने कान्छी रानी सुरुचिसमेत त्यागपूर्ण वातावरणबाट प्रभावित भई अन्ततः आफ्ना सम्पूर्ण रागद्वेष र अहङ्कार त्याग्न विवश भएको अवस्थाको चित्रण यस नाटकको महत्त्वपूर्ण पक्ष बन्नपुगेको छ । अतः प्रस्तुत नाटकमा अभिव्यक्त त्यागसम्बन्धी दृष्टिकोणलाई सांसारिक सुखको त्याग, वासनाको त्याग एवं रागद्वेष र अहङ्कारको त्याग उपशीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

## सांसारिक सुखको त्याग

इच्छित वस्तु प्राप्त हुँदा मनुष्यका चित्तमा उत्पन्न हुने भाव सुख हो भने यसको विपरीत अवस्थाको भाव दुःख हो । आध्यात्मिक क्षेत्रमा सुख भनेको सांसारिक सुख नभई पारमार्थिक सुख वा आनन्द हो । सांसारिक सुख भौतिक जगत्‌बाट प्राप्त हुने सुख हो भने पारमार्थिक सुख आध्यात्मिक ज्ञानबाट प्राप्त हुन्छ । अध्यात्मले भौतिक जगत्‌बाट प्राप्त सुखलाई क्षणिक, अस्थायी एवं तुच्छ मान्दै अक्षुण्ण तथा स्थायी सुखको चाहना गर्दछ, जसलाई ब्रह्मानन्द भनिन्छ (गजुरेल, २०६२, पृ. ५७) । ब्रह्मानन्द (स्थायी सुख) प्राप्त गर्नका निम्ति सांसारिक सुखलाई त्याग गर्नुपर्दछ भन्ने पौरस्त्य दर्शनको मान्यता रहेको छ ।

*ध्रुव* नाटकमा ध्रुव र उसकी आमा सुनीतिले भोगेको अवस्था र उनीहरूको चरित्रमार्फत सांसारिक सुखको त्यागको दृष्टान्त प्रस्तुत गरिएको छ। दरबारबाट निष्काशित भएका आमाछोरा तपोवनमा अत्रिमुनिको कुटीमा बस्न बाध्य छन्। आफ्नो हक अधिकार एवं भौतिक सुखसयलबाट वञ्चित भई एकाएक जङ्गलको झुपडीमा पुग्नु सांसारिक मनुष्यका लागि सहज स्वीकार्य हुन सक्दैन। दरबारमा जन्मिएर त्यहाँको सुखसयलमा हुर्किएको ध्रुव र नोकरचाकरसहित दरबारको सुखभोग गरिरहेकी महारानी सुनीतिका निम्ति जङ्गलमा कुटीको बास सहज बनेको छैन। त्यसैले बालक ध्रुव पटकपटक दरबार पुग्छ र आफ्ना बालसुलभ इच्छाहरू व्यक्त गर्दछ। तर बाबुले आफूलाई बेवास्ता गर्दै काखबाट ओराल्नु र भाइलाई बढी माया गर्नु, सौतेनी आमाले गाली र दुर्व्यवहार गर्नु जस्ता क्रियाकलापबाट ध्रुवलाई असह्य दुःख पर्दछ। ऊ आफ्नो सुख खोस्ने सौतेनी आमाका व्यवहारबाट अधैर्य हुन्छ। उक्त अवस्थामा आपत्तिलाई धैर्यपूर्वक सहन गरी बारम्बार नारायणको उपासनाद्वारा जस्तोसुकै दुःखको सामना गर्न सकिन्छ भनी आमा सुनीतिले दिएको उपदेश ध्रुवका निम्ति आप्तवचन बन्दछ। ऊ आमाले भनेझैँ ज्ञान प्राप्त गरेपश्चात् सौतेनी आमालाई दण्डित गरी आफ्नो दुःखलाई शमन गर्न चाहन्छ। त्यसैले घना जङ्गलमा बसेर नारायणको तपस्या गर्दा हुने दुःखको भयबाट समेत ऊ त्रसित हुँदैन। ज्ञानप्राप्तिका निम्ति ध्रुवको तीव्र इच्छाशक्ति आँधीहुरीका बिच रातको समयमा वन प्रस्थान गर्न लाग्दा यसरी प्रकट भएको छः

'सूर्य के आउने छैनन् उज्यालो जब आउँछ ?
खोला पानी दिनेछैन जब मानिस धाउँछ ?
मलाई अझ बक्सिन्न के नारायण दर्शन ?
उसो भए त्यहीँ आई ध्रुव नै गर्छ दर्शन। (पृ. २७)

ध्रुव ज्ञानार्जन गरी नारायण दर्शन गर्न दृढ सङ्कल्पित देखिन्छ। ऊ नारायण दर्शन गर्ने लक्ष्य र दृढ सङ्कल्पका कारण सांसारिक सुख (आमाको काख र राज्यको अधिकार) त्याग्न तत्पर भएको छ। उज्यालो भएपछि सूर्यको उपस्थिति हुनु र तिर्खाएको मानिसले खोलाको पानी पिउन पाउनु जति निश्चित छ, नारायणको दर्शन पाउने कुरामा ध्रुव त्यति नै निश्चिन्त देखिन्छ। दृढ सङ्कल्पका साथ सांसारिक सुख त्याग गर्नाले अन्ततः ध्रुवले परमानन्द प्राप्त गरेको छ। ध्रुवको त्यागवृत्ति *श्रीमद्भागवद्गीता*मा बताइएको निष्काम कर्म पनि हो।

ज्ञानप्राप्तिका निम्ति गुरुको आवश्यकता पर्दछ भन्ने पूर्वीय दर्शनको मान्यताअनुरूप जङ्गलमा नारदको उपस्थिति ध्रुवका गुरुका रूपमा गराइएको छ। ध्रुव आफूभित्र प्रतिशोधको भावना समाप्त भई वैराग्य उत्पन्न भएको कुरा 'म विरक्त भएँ मैला देखी संसारको स्थिति, कसैमाथि पनि छैन रिसराग कुनै अब' (पृ. ३०) भन्दै ऋषिलाई सुनाउँछ। ध्रुवको मनमा संसारप्रति वैराग्य उत्पन्न हुनुमा अत्रिमुनिको आश्रमको ब्रास, आमा सुनीतिका व्यवहार र उपदेश, ऊ स्वयंको ज्ञानार्जन गरी नारायण दर्शन गर्ने दृढ सङ्कल्प तथा ऋषि नारदको मार्गदर्शन आदि कारक बनेका देखिन्छन्। नारदले ध्रुवलाई व्यावहारिक एवं पारमार्थिक सुखका बिचको भिन्नता बताउँदै सांसारिक सुख मिथ्या हो र नित्य निरन्तर रहने सुख परमानन्द मात्रै हो भनी सम्झाएका छन्। नारदले पारमार्थिक सुखप्राप्तिका निम्ति गर्नुपर्ने कष्टपूर्ण साधना, सांसारिक मनुष्यले अज्ञानताका कारण पाउने दुःखजस्ता विषयमा ज्ञान प्रदान गरेका छन्। अतः दुःखबाट मुक्तिको खोजीमा भौँतारिएको ध्रुवलाई दुःखको मूल कारण सांसारिक सुखप्रतिको आसक्ति हो त्यसैले यसलाई मन, वचन र कर्मबाटै त्याग गर्नुपर्दछ भन्ने आध्यात्मिक ज्ञान नारद ऋषिबाट प्राप्त भएको छ।

ध्रुवले सांसारिक सुखप्रतिको आसक्तिबाट मुक्त हुनु भनेको अक्षुण्ण र स्थायी सुख प्राप्त गर्नु हो भन्ने पूर्ण ज्ञान नारायण दर्शनबाट प्राप्त गर्दछ। जब मानिस इन्द्रियका बाह्य विषयबाट विमुख

भई अन्तर्हृदयको नाद सुन्न थाल्दछ तब उसले चारैतिर परमात्माको आवाजलाई मात्र सुन्दछ। ध्रुव समाधिको त्यही अवस्थामा पुग्दछ जुन अवस्थामा उसले भगवान नारायणसँग साक्षात्कार भएको अनुभूति गर्दछ। ध्यान र समाधिको चरम विन्दुबाट मनुष्यले प्राप्त गर्ने परमशक्तिको ज्ञान वा आत्मज्ञान नै नारायण दर्शन हो। त्यस अवस्थामा मनुष्य सांसारिक प्रपञ्चका सम्पूर्ण बन्धनहरूबाट मुक्त भएको हुन्छ। उसले संसारलाई साक्षी भावले मात्र हेर्दछ। ध्रुवले आत्मज्ञानपछिको अवस्थालाई यसरी व्यक्त गरेको छ :

अन्धकार भयो आँखा प्रभाले कोटि सूर्यको,
जता हेर्‍यो उतै कालो टाटो संसारमा पर्‍यो।
नारायण, मलाई यो धूलोमा अझ फ्याँक्तछौ ?
मैले पनि छु जानेको फुका बन्दछु भिज्दिनँ,
टाँस्सिएला धुलो मेरो अङ्गमा कसरी ?
ओहो ! यो पृथिवी अर्कै अथवा म अरु भएँ ? (पृ. ३९)

ध्रुव आत्मज्ञानी भएपछि भौतिक संसारका सुखलाई दुःखस्वरूप (अन्धकार) देख्दछ। उसको अज्ञान नाश भएका कारण सांसारिक सुखदुःखलाई साक्षी भावले हेर्नसक्ने भएको छ। जीवनमुक्तिको त्यही अनुभूति ध्रुवले यहाँ व्यक्त गरेको छ। अब आफूलाई सांसारिक प्रपञ्चले कुनै प्रभाव पार्दैन भन्ने विचार ध्रुवको उक्त संवादबाट अभिव्यक्त भएको पाइन्छ। मनुष्यको त्यस अवस्थालाई प्रस्थानत्रयीमा सर्वत्याग भनी बताइएको छ।

*ध्रुव* नाटकमा समले दुःखबाट मुक्तिको उपाय सांसारिक सुखको त्याग हो, सांसारिक सुख क्षणिक र नाशवान् हुन्छ, दुःख पनि स्थायी हुँदैन, मनुष्यले दुःखसुखको भावलाई त्याग्न सके शाश्वत सुख प्राप्त गर्दछ भन्ने दार्शनिक चिन्तन प्रस्तुत गरेका छन्। ध्रुवले ज्ञानको खोजीमा आमाको ममता, दरबारको सुखसयल, राज्यको अधिकार र दुःखको भयलाई समेत त्याग गरेर कठोर तपस्या गरी जुन ज्ञान प्राप्त गर्‍यो, त्यसपश्चात् ऊ एकातिर सांसारिक मोहबाट मुक्त भयो भने अर्कातिर उसले ससम्मान राज्यसत्ता प्राप्त गर्‍यो। यसमा सुख र दुःखको भावबाट मुक्त भएको आत्माज्ञानीले सांसारिक सुखदुःखलाई त्यागपूर्वक भोग गर्दछ भन्ने पौरस्त्य दार्शनिक चिन्तनलाई ध्रुवले प्राप्त गरेको आत्मज्ञान (नारायण दर्शन) पश्चात् उसलाई ससम्मान राज्यफिर्ता गराइएको अवस्थामार्फत प्रस्तुत गरिएको छ। अतः समले प्रस्तुत नाटकमार्फत् मोक्षप्राप्तिका निम्ति भौतिक सुखको आसक्तिलाई त्याग गर्न आह्वान गरेका छन्।

**वासनाको त्याग**

इन्द्रियका विषयप्रतिको इच्छा, कामना वा आसक्तिलाई वैदिक दर्शनमा वासना भनिन्छ। मनुष्य सधैं इन्द्रियका विषय (रूप, रस, गन्ध, स्पर्श र शब्द) को भोगका निम्ति लालायित हुन्छ। भोगबाट प्राप्त सांसारिक सुख वासनाका रूपमा मनमा रहिरहन्छ र वाणी एवं क्रियाका माध्यमबाट अभिव्यक्त हुन्छ। भोगबाट प्राप्त हुने सुख नाशवान् हुन्छ, यो अक्षुण्ण सुख होइन र यसबाट मुक्त भए मात्र शाश्वत सुख प्राप्त हुन्छ भन्ने ज्ञान नभएसम्म मनुष्यले वासनालाई त्याग्न सक्दैन।

*ध्रुव* नाटकमा राजा उत्तानपाद स्त्रीदेहबाट प्राप्त सुखको वासनामा लिप्त भएका कारण उनी सुशील, नैतिकवान् एवं पुत्रवती जेठी श्रीमतीलाई त्यागेर नवयौवना अर्की स्त्री विवाह गरी भोगलिप्सामा डुबेका छन्। देश वा जनताको हितका निम्ति कार्य गर्ने सर्वोच्च व्यक्ति राजा हो त्यसैले ऊ नैतिकवान् र निष्ठावान् पनि हुनुपर्दछ साथै उसले विवेकको प्रयोग गर्नुपर्दछ भन्ने

मान्यता रहन्छ । तर उत्तानपाद असल र विवेकी राजा भए पनि देहवासनाका कारण अनैतिक र विवेकहीन पति एवं पिता बन्नपुगेका छन् । जेठी पत्नी सुनीति एवं छोरो ध्रुवका दुःखमा दुःखी नहुने तर कान्छी पत्नीका निम्ति 'सुरुचिको जब चुहिन्छ आँसुको एक थोपा तत्क्षणमा निभी प्रतापाग्नि ठुलो खोला दुःखको वेगले अनि हृदयमा बग्ला' (पृ. ८) भन्दै राजा उत्तानपादले मन्त्री दमनसँग गरेको कुराकानीमा उनको देहवासना प्रकट भएको छ । उनी भन्छन् :

होस् सुनीति पतिव्रता
मेरी सुरुचिको पत्नीव्रत मै हुँ ।
तिमी भन जे मनमा लाग्छ, फल नै नमिले पनि
यो पत्नीव्रतको कर्म जो लिएँ त्यो लिएँ लिएँ । (पृ. ७)

उत्तानपादको विवेकलाई यहाँ आसक्ति, अज्ञान वा मिथ्याज्ञानको आवरणले ढाकेको छ । त्यसैले उनी इन्द्रिय वासनालाई पत्नीव्रत भन्छन् । 'राजा इन्द्रियका दास हामी दास नरेन्द्रका' (पृ. ८) भन्दै मन्त्री दमनले यसलाई इन्द्रिय वासनाको संज्ञा दिएको छ । इन्द्रिय वासनाका कारण राजाले शरीरलाई नै म ठानेका छन् र उनी आफूलाई इन्द्रियका बन्धनमा बाँधिराख्न चाहन्छन् । उनलाई सुरुचिसँगको बन्धन प्रिय छ र उनी यसलाई प्रेमको उपाधि दिँदै भन्छन् :

म छु बन्धनमा, किन्तु कोही बन्धन यो अब
छुटाइदिन सक्तैन छुट्न चाहन्नँ म जब;
तोड्थेँ फलामको डन्डी जति मोटो भए पनि,
प्रेमको बार तोडेर तोडिँदैन, प्रयत्नले (पृ. ८)

मनुष्य स्वयंले आफ्नो स्थितिलाई बोध गर्न नचाहेसम्म उसले भोग र त्याग, बन्धन र मुक्ति, कर्तव्य र अकर्तव्यजस्ता कुराको ज्ञान प्राप्त गर्न सक्दैन । उसलाई भोग नै प्रिय हुन्छ । राजा उत्तानपाद भोगको यही अवस्थामा देखिन्छन् । उनले प्रिय ठानेको बन्धन प्रेम नभई मोह हो । मोह वासना हो भने प्रेम त्याग हो त्यसैले प्रेम अनन्त र शाश्वत हुन्छ । भोग तथा विषयहरू मानिसलाई क्षणिक सुख वा आनन्द दिन समर्थ हुन्छन् । तर यी विषयभोगबाट मनको आसक्ति नहटेसम्म अखण्ड आनन्द वा सुखको अनुभूति हुन सक्दैन ।

वेदान्त दर्शनमा श्रवण, मनन र निदिध्यासनलाई शाश्वत ज्ञान (समाधि) प्राप्तिको मार्ग बताइएको छ । गुरु वा शास्त्रका कथनलाई सुन्नु श्रवण हो भने ती कथनबारे सोच्नु विचार गर्नु मनन हो । राजा उत्तानपाद आफूले रानी सुनीति र राजकुमार ध्रुवप्रति अन्याय गरेको विषयलाई बिस्तारै मनन गर्दै जान्छन् । उनलाई मन्त्री दमनले गरेको प्रतिवाद र ऋषि नारदसँगको सान्निध्यबाट आफ्नो विवेकहीनताबारे बोध हुँदै जान्छ । नाटकको तेस्रो अङ्कको दोस्रो दृश्यसम्म पुग्दा उनी 'अफसोस ! बिचरा जङ्गलमा बिलाइरहेछ' भनी ध्रुवको अवस्था र 'मुनि, म बौलाहा हुन लागेको छु, किंकर्तव्यविमूढ छु' (पृ. ४१) भनी आफ्नो अवस्था नारद ऋषिसमक्ष प्रस्तुत गरी पश्चात्ताप र कर्तव्यबोध गर्दछन् । नारदले उत्तानपादलाई मनुको पुत्र हुनुको अर्थ, दयाको महत्त्व, देह र आत्माको भिन्नता, पिता र पुत्रको सम्बन्ध, जन्म र पुनर्जन्मजस्ता विषयको ज्ञान प्रदान गर्दछन् । उनले 'हामी नाथ पो भन्थ्यौं, आज नोकर पो बने चुत्था इन्द्रियका' भनी राजालाई इन्द्रिय वासनामा लिप्त नहुन उपदेश दिएका छन् । अन्ततः विषयको चिन्तन, ऋषिबाट प्राप्त ज्ञान, पूर्वजन्मको संस्कार आदिका कारण राजाले आफ्नो कर्तव्यबोध गरेका छन् । राजा उत्तानपाद 'महामुनि, बिराएँ यो निद्रामा, माफ बक्सियोस् ! जे हो उचित गर्नेछु अबदेखिन्' (पृ.४३) भन्दै ज्ञानको अभावमा आफूले उचित अनुचितको भेद गर्न नसकेको अवस्थालाई स्वीकार गर्दछन् । योग दर्शनले बाह्य विषयको

ज्ञान नहुने चित्तको यस अवस्थालाई निद्रावृत्ति मान्दछ । ऋषिबाट राजधर्म र पितृधर्मको व्याख्यान सुनेपछि राजा उत्तानपादमा आत्मचेतनाको उदय भई निद्रावृत्ति नष्ट हुन्छ । फलस्वरूप कान्छी पत्नी सुरुचिप्रति उनको मोहभङ्ग हुन्छ । राजा 'नमीठो हितको बोक्रा सब छोडाइयो अब; राग भाग्यो' भन्दै सुरुचिसँगको देहवासनाको रागबाट आफू मुक्त भएको अनुभूति गर्दछन् । उनले सुरुचिलाई 'तिमी मनको सतहमा धर्म लिप' भन्दै सम्झाएका छन् । ध्रुवलाई राज्यमा फर्काई उत्तराधिकारी बनाउन जङ्गल पुगेका राजाले 'तेरो शिरको निम्ति मेरो चरण, यो लायक छैन, त्यसैले यसलाई लाजले डाम्यो' भनेका छन् । उनले सुनीति 'तिम्रो छोराले हामी सबलाई एकै ठाउँमा बाँधिदियो' भन्दै आलिङ्गन गरेका छन् । राजाका यी क्रियाकलापलाई हेर्दा उनी देह इन्द्रियवादी भोगलिप्सा त्यागी नैतिक चारित्रिक चेतनाले ब्युँझिएका देखिन्छन् । यसर्थ समले उक्त नाटकमार्फत शासक जब नीतिलाई त्यागेर रुचि (वासना) का पछि लाग्दछ तब राज्यमा दुःख, अशान्ति फैलन्छ, भाइभारदारमा शक्ति हत्याउने होड चल्दछ; त्यसैगरी जब रुचिलाई त्यागेर नीतिका पछि लाग्छ तब शान्ति र आनन्द प्राप्त हुन्छ भन्ने सन्देश उत्तानपादका चरित्रबाट अभिव्यञ्जित गरेका छन् ।

**अहङ्कारको त्याग**

आत्मालाई छाडेर आफूसँग रहेका अन्य कुनै कुरालाई मानसिक, बौद्धिक रूपले पक्रेर त्यसमा गर्व गर्नु अहङ्कार हो (रिमाल, २०६१, पृ.१९७) । अहङ्कारको अर्थ कर्तापन र भोक्तापनको बोध हुनु हो । व्यक्तित्वको मोह हो । षड्दर्शनले अहङ्कारलाई अन्तस्करण (चित्तको एक प्रकार) मानेको छ । "प्रत्येक ज्ञानमा म, मेरो, आफ्नोपन, ममता, आत्मभाव उत्पन्न गराउने तत्त्व अहङ्कार हो । यसैलाई अभिमान, दर्प, घमण्ड, अस्मिता, अहंकृति आदि भनिन्छ" (शर्मा, २०७९, पृ.८६) । अहङ्कार आनन्दमय कोश र कारण शरीरमा रहन्छ । योग दर्शनले अहङ्कारलाई क्लेश (अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश) हरूको जननी भनेको छ । क्लेश सूक्ष्म शरीरका धर्म हुन् र अहङ्कार नष्ट हुँदा पाँचै प्रकारका क्लेशहरू नष्ट हुन्छन् भन्ने योग दर्शनको मान्यता रहेको छ ।

*ध्रुव* नाटकमा अहङ्कारका कारण उत्पन्न विषम परिस्थिति र अहङ्कार नष्ट भएपछि बनेको आनन्दमय स्थितिको चित्रण गरिएको छ । नाटकमा राजा उत्तानपादकी कान्छी रानी सुरुचिको अहङ्कारका कारण उक्त अवस्था सिर्जना भएको देखिन्छ । उत्तानपादले सुनीतिलाई त्यागेर उसलाई विवाह गर्नु सुरुचिको अहङ्कारको मुख्य कारण हो । अहङ्कारका कारण उसको मनमा राग, द्वेष, क्रोध जस्ता दोषवृत्ति बढ्दै जान्छन् अनि उसमा त्यागप्रतिको भन्दा भोगप्रतिको लालसा तीव्र हुन्छ (सुवेदी, २०६४, पृ. १७६) । राज्यसत्ताप्रतिको रागले सुरुचिको मनमा राज्यको उत्तराधिकारी ध्रुव नहोस् भन्ने द्वेष जाग्दछ । त्यसैले ध्रुवबाट राज्यको हक खोसेर आफ्नो छोरा उत्तमलाई राज्यको उत्तराधिकारी बनाउने उसको कामना क्रोध बनेर प्रकट हुन्छ । सुरुचिको क्रोधले राज्यको उत्तराधिकारी ध्रुव (राजाको पहिलो सन्तान) हो भन्ने सत्य (व्यवहारिक नियम) लाई असत्य साबित गर्ने प्रयत्न गर्दछ । उसको अहङ्कार र क्रोधबाट ध्रुव, सुनीतिलगायत दरबारका मन्त्री र कर्मचारीहरूसमेत आक्रान्त बन्छन् । सुरुचिको क्रोधमा भय (अभिनिवेश) पनि अभिव्यक्त भएको देखिन्छ । उसलाई आफूसँग मोहभङ्ग भएपछि राजाले सुनीतिलाई जस्तै व्यवहार गर्ने हुन् कि भन्ने तथा ध्रुव राजा भए आफ्नो छोरामाथि प्रतिशोध लिने हो कि भन्ने भय छ । राजा आफ्नो रूपयौवनमा मोहित भएका कारण सुरुचिमा जुन अहङ्कार उत्पन्न भएको छ, त्यसले उसको मनमा देहाभिमान, पुत्र मोह, सत्ताको राग, ध्रुवप्रति द्वेष, आफू र छोरा सत्ताबाहिर पर्ने हो कि भन्ने अभिनिवेशजस्ता क्लेश उत्पन्न भएका हुन् । क्लेशबाट मुक्तिका लागि ऊ आफ्नो छोरा उत्तमलाई राज्यको उत्तराधिकारी बनाउन चाहन्छे । सुरुचिको उत्तमलाई राज्यको उत्तराधिकारी बनाउने इच्छा नै यस

नाटकमा अविद्याका रूपमा प्रस्तुत भएको छ । वेदान्त दर्शनका अनुसार क्लेशको अर्को एक प्रकार अविद्या हो । शक्ति आफ्नो पक्षमा हुँदा राज्यको नियम कानुनलाई आफ्नो स्वार्थमा उपयोग गर्ने सुरुचिको प्रयत्न नै उसको अविद्या हो । भविष्यमा आफ्नै छोरा राजा भए मात्र आफ्नो र छोराको जीवन सुखी हुनेछ भन्ने विचार नै उसको मिथ्या ज्ञान हो साथै ध्रुव र सुनीतिलाई दरबारबाट निष्काशन गर्नु उसको अहङ्कार प्रदर्शनी हो ।

आत्माज्ञान प्राप्त गरिसकेको ध्रुवलाई दरबारमा फर्काउन जङ्गलमा पुग्दासम्म पनि सुरुचिले ध्रुवप्रतिको द्वेष त्याग्न सकेकी छैन । 'फेरि त्यसलाई गृहस्थाश्रममा किन उल्टाउने ? योगीका निम्ति वनै असल छ' (पृ. ४७) भन्दै उसले आफ्नो अहङ्कारको रक्षाका लागि शास्त्रीय मत अगि सारेकी छ । सुरुचि ध्रुवसँग भेट हुनुअगिसम्म 'मन भन्दछ हात, उठ् ! ध्रुव आउनेबित्तिकै त्यसलाई गर्धनी दे !' (पृ. ४९) भनेर उसको अस्तित्व नै अस्वीकार गर्ने अवस्थामा रहन्छे तर ध्रुवलाई देखेपछि उसको विचारमा अचानक परिवर्तन आउँछ । 'उही ध्रुव ! किन यस्तो पवित्र देखिन्छ ?' (पृ. ४९) भन्ने सुरुचिको द्विविधा तुरुन्तै प्रेममा परिवर्तन हुन्छ अनि ऊ 'उसो भए गर्धनीको निम्ति अर्धचन्द्र भएको यही हात पूर्णचन्द्र भएर तिमीलाई स्नेहपूर्वक छातीमा टाँस्तछ' (पृ. ४९) भन्दै ध्रुवलाई आलिङ्गन गर्न पुग्दछे । सुरुचिमा आएको यस प्रकारको परिवर्तन र अहङ्कारको त्याग अचानक जस्तो देखिए पनि उसको चेतनालाई अज्ञानता, क्रोध, ईर्ष्या, मोहजस्ता दोषहरूद्वारा ढाकिएका कारण सत्यको ज्ञान हुनसकेको थिएन तापनि उसले श्रवण गरेका कुरालाई मनन गर्दै रहेकाले अन्ततः सत्यको बोध गरेको कुरा सुरुचि आफैँले यसरी व्यक्त गरेकी छ :

दमन, तिम्रो कुरा मलाई सत्य लाग्यो; जब क्रोधाग्नि
बल्दछ हामी मानिस उम्लेर कोही फीँज, कोही छिटा,
कोही बाफ बनेर यो माटोको भाँडाको यो पृथ्वीको
यताउति लाग्न पुग्दछौँ, जब क्रोधाग्नि निभेर हामी
सेलाउँछौँ, फेरि सब यसरी शान्त भएर एकै ठाउँमा
जम्मा हुन्छौँ । (पृ. ५२)

अन्ततः क्रोध नै एकता र प्रेमको बाधक हो भन्ने सत्यलाई सुरुचिले बोध गर्न पुगेकी छ । मानिसले आफ्नो परम लक्ष्य शान्ति, आनन्द र प्रेमलाई प्राप्त गर्न सक्दैन भन्ने अनुभूति भएको तथ्य पनि उजागर गरेकी छ । आफ्नो क्रोधाग्नि निभेको आशयका साथै 'म हटेँ, बादल मै हुँ, यो प्रीतिको जाँच मेरै हो !' (पृ. ५३) भन्ने सुरुचिले सूर्यलाई बादलले छेक्न नसकेझैँ सत्यलाई अहङ्कारले झुटो साबित गर्न नसक्ने शाश्वत ज्ञान प्राप्त गरेको देखिन्छ । सुरुचिले गरेको त्यागबाट पारिवारिक एकता र प्रेमको वातावरण सृजना भएको छ । नीति र नैतिकताको पक्षधर मन्त्री दमनले सुरुचिका अधर्म र नैतिकहीनताको प्रतिरोधमा व्यक्त गरेका विचारहरू तथा देवर्षि नारदको दरबारमा आवागमन, उनले दिएका उपदेशहरू, ध्रुव र सुनीतिको सहनशीलता, ध्रुवको आत्मज्ञान तथा अन्ततः राजामा समेत आएको परिवर्तन आदिलाई सुरुचिले श्रवण एवं मनन गरेका कारण उसले सत्यबोध गरेकी छ । फलस्वरूप उसको अहङ्कार नष्ट भएको छ । जब मानिसमा अहङ्कार समाप्त हुन्छ तब प्रेमभाव जाग्दछ । अहङ्कारबाट मुक्त भएका कारण नै सुरुचिले ध्रुवलाई प्रेमपूर्वक उत्तराधिकारीका रूपमा स्वीकार गरेकी छ । अतः नाटकमा ध्रुव, सुनीति, उत्तानपाद र सुरुचिसमेतले गरेको त्यागका कारण राज्यको नीति, पारिवारिक सद्भाव, राजाको आदर्श र राज्यको शक्ति क्षय हुनबाट जोगिएको देखाएर त्यागको महत्त्व दर्शाइएको छ ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानमूलक लेखमा उपनिषद, गीता र वेदान्त दर्शनका त्यागसम्बन्धी मान्यताका आधारमा बालकृष्ण समको *ध्रुव* नाटकको विश्लेषण गरिएको छ। मोक्ष चाहने साधकले त्यागपूर्वक भोग गर्नुपर्दछ भन्ने प्रस्थानत्रयीका मान्यतालाई आधार मानी यस अध्ययनमा जीवनमा आइपर्ने दु:ख, समस्या आदिबाट मुक्तिका निम्ति मानिसले सांसारिक सुख, वासना र अहङ्कारको त्याग गर्नुपर्दछ भनी समले अभिव्यक्त गरेको त्यागसम्बन्धी दृष्टिकोणको विवेचना गरिएको छ। यसमा वासना र अहङ्कारले निम्त्याएको विषम परिस्थितिलाई उत्तानपाद र सुरुचिका व्यवहार एवं चरित्रबाट देखाउँदै ध्रुव र सुनीतिका चरित्र एवं व्यवहारबाट भौतिक सुखलाई त्याग गर्न सके प्रतिकूल परिस्थितिलाई सहज बनाउन सकिन्छ भन्ने दृष्टान्त प्रस्तुत गरिएको छ। यस नाटकमा उत्तानपादको चरित्रमार्फत नेतृत्व तहमा रहेको व्यक्ति भोगको पछि लाग्दा उसको नैतिकता र प्रतिष्ठासमेत गुम्ने तथा यसबाट परिवार, समाज एवं राष्ट्रमै अशान्ति, कलह, द्वेष, वैमनश्य फैलने कुरातर्फ सचेत रहन आह्वान गरिएको छ अर्थात् वासनाको त्याग गर्नुपर्दछ भन्ने सङ्केत पाइन्छ। सांसारिक जीवनमा मनुष्य सुख, शान्ति र आनन्द प्राप्तिकै निम्ति प्रयत्नरत रहन्छ तर अज्ञानताका कारण उसले भोगको मार्ग चयन गर्दछ; अध्यात्मले सुख, शान्ति, आनन्द वा मोक्ष प्राप्तिका निम्ति बताएको मार्ग त्यागको मार्ग हो; मनुष्यले जब त्याग गर्छ तब उसले सम्पूर्ण प्राप्त गर्दछ भन्ने पूर्वीय दर्शनको त्यागसम्बन्धी मान्यतालाई समले ध्रुवको चरित्रमार्फत देखाएका छन् भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ। यस नाटकमा भोगवादी विचार भएका राजा उत्तानपाद र रानी सुरुचिले महर्षि नारद तथा मन्त्री दमनका उपदेशलाई मनन गरी वासना र अहङ्कारको त्याग गरेका कारण पारिवारिक मिलन सम्भव भएको देखाइएको छ। पारिवारिक, सामाजिक एवं राष्ट्रिय एकताको निर्माणका निम्ति आध्यात्मिक ज्ञानको श्रवण, मनन र अभ्यास गर्नुपर्दछ जसले देह इन्द्रियवादी भोगलिप्सा त्याग गर्न मद्दत गर्दछ भन्ने सन्देश यस नाटकमा पाइन्छ भन्ने यस लेखको निष्कर्ष रहेको छ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, बलदेव (सन् २०००). *भारतीय धर्म और दर्शन.* वाराणसी : चौखम्भा पब्लिसर्स।

गोयन्दका, हरिकृष्णदास (व्याख्या.) (२०७४). *वेदान्त दर्शन.* गोरखपुर : गीता प्रेस।

द्विवेदी, व्रजवल्लभ (सन् २००७). *भारतीय दर्शन* (दोस्रो संस्क.). वाराणसी : विश्वविद्यालय प्रकाशन।

प्रभुपाद, भक्तिवेदान्त स्वामी. (सन् २०१६). *श्रीमद्भगवद्गीता यथारूप* (नवौं संस्क.). (अनु. वादरायण दास). मुंबई : भक्तिवेदान्त बुक ट्रस्ट।

माधवाचार्य (सन् २०१९). *सर्वदर्शन सङ्ग्रह.* वाराणसी : चौखम्बा विद्याभवन।

मिश्र, जगदीशचन्द्र. (सन् २०१६). *भारतीय दर्शन.* वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

राधाकृष्णन् (सन् २०२१). *भारतीय दर्शन-१.* दिल्ली : राजपाल एण्ड सन्ज।

रिमाल, बासु यात्री (२०६१). *वेदान्त विश्वकोश.* ललितपुर : विश्वकोश प्रकाशन।

रिसाल, शिवगोपाल (२०७०). *श्रीरामगीता* (अनु.). ललितपुर : स्वाध्याय परिवार।

शर्मा, चन्द्रधर (सन् २०१९). *भारतीय दर्शन आलोचना और अनुशीलन* (पाचौं संस्क.). दिल्ली : मोतीलाल बनारसीदास।

शर्मा, नारायण (२०७९). *श्रीमद्भगवद्गीतामा वैज्ञानिक चिन्तन.* काठमाडौं : रत्न पुस्तक भण्डार।

शुक्ल, दीनानाथ (सन् १९९३). *भारतीय दर्शन परिभाषा कोश.* दिल्ली : प्रतिभा प्रकाशन। महल।

सम, बालकृष्ण (१९८६). *ध्रुव* (एघारौं संस्क.). ललितपुर : साझा प्रकाशन।

सिन्हा, जदुनाथ (सन् २०१८). *भारतीय दर्शन* (छैठौं संस्क.). गोवर्धन भट्ट (अनु.). दिल्ली : मोतीलाल बनारसीदास।

सिन्हा, हरेन्द्र प्रसाद (सन् २०१८). *भारतीय दर्शन की रूपरेखा* (तेह्रौं संस्क.). दिल्ली : मोतीलाल बनारसीदास।

सुवेदी, देवीप्रसाद (२०६४). *समको सुखान्त नाट्यकारिता.* काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स।

*ईशादि नौ उपनिषद्* (चौधौं संस्क) (२०७४). गोरखपुर : गीताप्रेस।

*छान्दोग्योपनिषद्* (बाइसौं संस्क) (२०७४). गोरखपुर : गीताप्रेस।

*बृहदारण्यकोपनिषद्* (उन्नाइसौं संस्क.) (२०७४). गोरखपुर : गीताप्रेस।